annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३३४ पृष्ठ १० | काठमाडौं, बिहीबार २८ चैत २०८१ | चैत्र शुक्लपक्ष त्रयोदशी, नेपाल संवत् ११४५ | THURSDAY, APRIL 10, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# धमाधम खुल्दै ठूला होटल, पर्यटकको पर्खाइमा कर्णाली

**कर्णाली भन्नेबित्तिकै 'भौगोलिक विकटता र पिछडिएको क्षेत्र' भन्ने बुझाइ छ। त्यसैकारण यहाँ घुम्न आउन खोज्ने जो कोहीलाई पनि 'कहाँ खाने, कहाँ बास बस्ने होला' भन्ने चिन्ता हुनु स्वाभाविकै हो। अब त्यो चिन्ता हटाए हुन्छ। स्वदेशी मात्र होइन, विदेशी पर्यटक पनि ढुक्कले आए हुन्छ। खोजे जस्तै होटल, रोजेजस्तै सुविधा पाइन्छ। ठूला मात्र होइन, लक्जरी होटल धमाधम खुलिरहेका छन्। कर्णालीलाई अब खाँचो छ त-केवल पर्यटकको मात्रै। सुविधासम्पन्न होटलमा बास बसेर यहाँका प्राकृतिक छटा र सुन्दरताको स्पर्श लिन सकिन्छ।**

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

- को रिपोर्ट

समाचार पृष्ठ २




## गाजामा ६० हजार बालबालिका कुपोषणको शिकार



**गाजा** (एजेन्सी) : इजरायलको नाकाबन्दीका कारण खाद्य आपूर्तिमा कमी आउँदा गाजा पट्टीका कम्तीमा ६० हजार बालबालिका कुपोषणको शिकार भएका छन्। यसले गर्दा उनीहरू गम्भीर स्वास्थ्य जटिलताको जोखिममा रहेका त्यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

गाजामा सहायता वितरण नियन्त्रण गर्ने नयाँ इजरायली प्रस्तावलाई संयुक्त राष्ट्र संघका प्रमुख एन्टोनियो गुटेरेसले अस्वीकार गरेको एक दिनपछि बुधबार मन्त्रालयले उक्त विज्ञप्ति जारी गरेको हो।

स्वास्थ्य मन्त्रालयले चेतावनी दिएको छ, 'पर्याप्त पोषण र पिउने पानीको अभावले स्वास्थ्य चुनौतीहरूलाई अझ जटिल बनाउनेछ। बालबालिकाका लागि खोप अझै विशेष गरी पोलियो खोपमा निरन्तर प्रतिबन्ध लगाइँदै छ।'

करिब २३ लाख मानिसको बसोबास रहेको उक्त क्षेत्रमा गत मार्च २ तारिखदेखि कुनै पनि सहायता पुऱ्याइएको छैन। किनभने इजरायलले उक्त क्षेत्रमा खाद्यान्नदेखि चिकित्सा आपूर्ति र इन्धनसम्मका सबै कुराको प्रवेशमा रोक लगाएको छ।

संयुक्त राष्ट्र संघका अनुसार यसले २१ वटा पोषण केन्द्रहरूलाई बन्द गर्न बाध्य पारिएको छ। जसले गर्दा पहिले नै गम्भीर कुपोषित करिब ३५० बालबालिकाको हेरचाहमा बाधा पुगेको छ।

गत महिना संयुक्त राष्ट्र संघको विश्व खाद्य कार्यक्रमले पनि गाजामा लाखौं मानिस गम्भीर भोकमरी र कुपोषणको जोखिममा रहेका चेतावनी दिएको थियो। इजरायली सैन्य गतिविधिको विस्तारले त्यहाँ खाद्य सहायता कार्यहरूमा गम्भीर बाधा पुऱ्याएको थियो।

'विश्व खाद्य कार्यक्रम र खाद्य सुरक्षा क्षेत्रका साझेदारहरू तीन साताभन्दा लामो समयदेखि गाजामा नयाँ खाद्य आपूर्ति ल्याउन असमर्थ छन्', मन्त्रालयले विज्ञप्तिमार्फत भनेको छ, 'बाँकी रहेको खाद्य भण्डारले अधिकतम दुई हप्तासम्म मात्र पुग्ने देखिन्छ।'

# रेमिटयान्स १० खर्ब नाघ्यो, वैदेशिक लगानी ८ अर्ब भित्रियो

**ममता थापा** | *काठमाडौं*

- शोधनान्तर ३ खर्ब बढी बचतमा
- प्रत्यक्ष वैदेशिक लगानी साढे ८ अर्ब भित्रियो
- वैदेशिक अध्ययन, उपचार र भ्रमण खर्च बढ्यो
- आयात साढे ११ खर्ब, निर्यात १ खर्ब ५८ अर्ब मात्रै
- महँगीमा झिनो सुधार



आयातित वस्तुमा निर्भर नेपाललाई बढ्दो रेमिट्यान्स (विप्रेषण) को आकारले ठूलो राहत मिलेको छ। कुल आयातको हिस्सा ठूलो भएकाले यसमा खर्च गर्ने ठूलो स्रोत रेमिट्यान्स हो। चालु आर्थिक वर्षको ८ महिना (फागुनसम्म) रेमिट्यान्स ९.४ प्रतिशतले वृद्धि भई १० खर्ब ५१ अर्ब ७७ करोड पुगेको छ। अमेरिकी डलरमा विप्रेषण आप्रवाह ६.९ प्रतिशतले वृद्धि भई ७ अर्ब ७४ करोड पुगेको छ।

वैदेशिक रोजगारीका लागि अन्तिम श्रमस्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) र पुन: श्रमस्वीकृति लिनेको संख्या अत्याधिक बढ्दा पनि रेमिट्यान्स वृद्धि भएको हो। तथ्यांकअनुसार अन्तिम श्रमस्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ३ लाख १७ हजार ६८ जना रहेको छ भने पुन: श्रमस्वीकृति लिनेको संख्या २ लाख १७ हजार ४ सय ३ जना रहेको छ। जबकी अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमश: २ लाख ८५ हजार ३ सय ५२ र १ लाख ८२ हजार ७ सय ८३ रहेको थियो।

यसो हुँदा मुलुकको कुल विदेशी विनिमय सञ्चिति पनि २४ खर्ब ९ अर्ब २५ करोड रुपैयाँ हाराहारीमा पुगेको छ। जबकी गत असारमा यस्तो सञ्चिति २० खर्ब ४१ अर्ब १० करोड बराबर थियो।

पछिल्लो ८ महिनाको अन्तरमा १८.० प्रतिशतले वृद्धि २४ खर्बमाथि पुगेको नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ। अमेरिकी डलरमा यस्तो सञ्चिति १३.१ प्रतिशतले वृद्धि भई १७ अर्ब २७ करोड पुगेको छ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा २१ खर्ब ३० अर्ब ३१ करोड रुपैयाँ पुगेको छ।

» बाँकी पृष्ठ ६

## 'मुलुकमा राजनीतिक स्थिरता आइसक्यो, ढुक्क भएर लगानी गर्नुस्'



**काठमाडौं** (अन्नपूर्ण) : प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकमा राजनीतिक स्थिरताको अवस्था भएकाले आर्थिक विकासका लागि ढुक्क भएर लगानी गर्न आग्रह गरेका छन्।

नेपाल चेम्बर अफ कमर्सको ७४औं वार्षिक साधारणसभाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले विज्ञान प्रविधिको प्रयोगसहित प्रतिस्पर्धी र रचनात्मक रूपमा उद्योग-व्यवसायलाई अगाडि बढाउन आग्रह गरे। आजको कृत्रिम बौद्धिकताको समेत सदुपयोग गरेर उत्पादन र उत्पादकत्व वृद्धिमा लाग्नुपर्नेमा उनले जोड दिए। 'कसैलाई गालीगलौज, बदनाम र भ्रम फैलाउन सूचना र प्रविधिको प्रयोग गर्नुहुँदैन। हरेक क्षेत्रमा सम्भवना छ भनेर तपाईंहरूले कन्भिन्स गर्न सक्नुहुन्छ,' उनले भने।

# खण्डहर बन्यो जयगढ, पुनर्स्थापनाको पर्खाइ

**गीता कुँवर** | *अछाम*

नामै जयगढ, अर्थात् जितको खुसियालीमा जयजयकार गर्ने ठाउँ। तर, त्यही जयगढमा रुवावासी चलेको छ। अधिकांश घर, पसल ध्वस्त छन्। आगोले जयगढ बजार खण्डहर बनेको छ। बजार मात्रै जलेको छैन, स्थानीयका मन पनि डढेका छन्। जयगढका उजाड र अत्यासलाग्दा दृश्यले जो कोहीलाई स्तब्ध बनाउँछ।

चैत ८ गते बान्नीगढी जयगढ गाउँपालिकामा विपद्सम्बन्धी नमुना अभ्यास गराइयो। सरस्वती माविनजिकै रहेको बस्तीमा भीषण आगलागी गराइयो, खोज, उद्धार, उपचार र राहतबारे सर्वसाधारणलाई जानकारी दिइयो। दुर्भाग्य नै भन्नुपर्छ, नमुना अभ्यासको १७ दिनपछि जयगढ बजार आगोको लप्कामा पऱ्यो, एकैपटक खरानी भयो। २३ वटा घर-पसल स्वाहा भए। जयगढले पहिलोपटक ठूलै विपद्को सामना गर्नुपऱ्यो।

बुधबार साँझ एउटा आईएमई सेन्टरमा ग्यास सिलिन्डर विस्फोट भयो। त्यहाँबाट सल्किएको आगोले पूरै जयगढ बजार नै खरानी बनायो। शरीरको एकजोर लुगाबाहेक अरू सबै नष्ट भएको पीडित निर्मला रावलले बताइन्। उनले भनिन्, 'बम पड्केको जस्तो ठूलो आवाज आयो। हामी सबै कराउँदै के भयो भन्दै बाहिर निस्कियौं। आगो दनदनी बलेर एक-एक गर्दै घरहरूमा सल्किन थाल्यो। आँखै अगाडि सबै चिज खरानी हुन थाले।' बजारको दायाँबायाँका सबै घर आगोले निल्दै निर्मलाको घरसम्म पुग्ने अवस्था आयो। बजारका अरू घर-पसल जोगाउन निर्मलाको घर भत्काउनुपर्ने सुझाव दिइयो। निर्मलाले ठूलै छाती गरेर आफ्नो घरमा डोजर लगाउने अनुमति दिइन्। उनको घर भत्काएर आगो अरू पसलमा सल्किनबाट रोकिएको थियो।

दमकल र पर्याप्त पानीको अभावका कारण जयगढ बजारमा लागेको भीषण आगो नियन्त्रणमा ल्याउन करिब ६ घण्टा लागेको थियो। स्थानीय पुष्पराज शर्माले सञ्चालन गरेको आईएमई सेन्टरमा साँझ ७ बजेर २० मिनेटमा ग्यास सिलिन्डर विस्फोट भएर आगलागी सुरु भएको स्थानीयको भनाइ छ। राति १२ बजेर ३० मिनेटमा मात्रै आगो नियन्त्रणमा आएको थियो। मंगलसेन नगरपालिकाको दमकल नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीय बासिन्दाको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो। पुरानो भौतिक संरचना, घनाबस्ती, जिल्लामा एकमात्र दमकल हुनु, बजारको साँघुरो बाटो, पानीको अभावका कारण आगलागी नियन्त्रणमा लिन समस्या भएको थियो। आगलागीबाट बजारका ३०/३५ घर, पसलहरू जलेर नष्ट भएको स्थानीय संगम साउदले बताए। क्षतिको यकिन विवरण संकलन भइरहेको साउदले बताए।



उनले भने, 'आगो नियन्त्रणभन्दा बाहिर थियो। बिहान ३ बजेसम्म आगो पूर्णरूपमा निभेको थिएन। हावाहुरीका कारण आगोले झन् उग्ररूप लियो।'

तत्काल राहतका लागि विपद् व्यवस्थापन कोषबाट ६ लाख उपलब्ध गराउने निर्णय भएको गाउँपालिका अध्यक्ष टेकबहादुर साउदले बताए। उनले भने, 'ठूलो विपद्को सामना हामीले गर्नुपऱ्यो। अकल्पनीय घटना भयो। अहिले गाउँपालिका नै शोकमा छ। पीडितहरूलाई राहत उपलब्ध गराउन तर्फ लागिपरेका छौं। जयगढ बजार नै सखाप भयो।'

गाउँपालिकाले घटनाबारे प्रेस विज्ञप्ति निकाल्दै भौतिक संरचनाबाहेक करिब ८ करोड बराबरको क्षति भएको आकलन गरिएको उल्लेख गरिएको छ। २३ वटा घरमा रहेका ३५ वटा घर,पसलहरू पूर्णरूपमा जलेर नष्ट भएको विज्ञप्तिमा उल्लेख छ। गाउँपालिकाबाट पीडितहरूका लागि खाद्यान्न, आवास र लत्ताकपडाको व्यवस्था भइसकेको र दीर्घकालीन व्यवस्थापन र पुनर्स्थापनाका लागि संघ, प्रदेश सरकार तथा अन्य निकायहरूसँग आवश्यक पहल भइरहेको विज्ञप्तिमा भनिएको छ। आगलागीको यो घटनालाई सिकाइका रूपमा लिँदै आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन आवश्यक सतर्कता अपनाउने गाउँपालिका अध्यक्ष साउदद्वारा हस्ताक्षरित प्रेस विज्ञप्तिमा भनिएको छ।

**प्रदेश सरकारको ५० लाख आर्थिक सहयोग**

जयगढ बजारमा भएको आगलागी पीडितलाई सुदूरपश्चिम प्रदेश सरकारले ५० लाख रुपैयाँ आर्थिक सहयोग गर्ने निर्णय गरेको छ। बुधबार बिहान बसेको प्रदेश विपद् जोखिम न्यूनीकरण तथा नियन्त्रण परिषद्को बैठकले उक्त सहयोगको निर्णय गरेको हो। मुख्यमन्त्री कमलबहादुर शाहले प्रारम्भिक क्षतिको विवरणका आधारमा ५० लाख सहयोग गर्ने निर्णय गरिएको जानकारी दिए। क्षतिको पूर्ण विवरण प्राप्त भएपछि प्रदेश सरकारले थप सहयोग गर्ने मुख्यमन्त्री शाहले बताए। घटनाको स्थलगत अवस्था बुझ्नका लागि सामाजिक विकासमन्त्री मेघराज खड्का र आन्तरिक मामिलामन्त्री हीरा सार्की जयगढ पुगेका छन्।